# समृद्ध नवलपरासी

माननीय विनोद कुमार चौधरीको राजनीतिक सचिवालयद्वारा प्रकाशित बुलेटिन, (वर्ष २, अंक १, बैशाख २०८१)

# बर्दघाटमा ट्रमा सेन्टर

## निर्माण प्रक्रिया सुरु, नवलपरासीबासीमा उत्साह



बर्दघाट : नवलपरासी (बसुप) क्षेत्र नं. १ का सांसद विनोद चौधरीको प्रतिवद्धताका कारण बर्दघाटमा ट्रमा सेन्टर निर्माण हुने पक्का भएको छ । ट्रमा सेन्टरको निर्माणसँगै पश्चिम नवलपरासीको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय प्रगति हुनेछ। अहिलेसम्म एउटा राम्रो अस्पताल नरहेको पश्चिम नवलपरासीले विकासप्रेमी जनप्रतिनिधि चौधरीलाई निर्वाचित गरेपछि यो उपलब्धि हासिल भएको हो ।

### चुनावी नारा पुरा गर्दै विनोद चौधरी

बर्दघाटको चिसापानीमा ट्रमा सेन्टर निर्माण गर्न सांसद चौधरीले अर्थ मन्त्रालय, जनसंख्या तथा स्वास्थ्य मन्त्रालय र सरकारका सरोकारवाला निकाय एवं स्थानीय तहमा समेत सुक्ष्म समन्वय गर्दै आउनुभएको थियो । अर्थ मन्त्रालयबाट माघ १७ गते १५ करोड रूपैयाँको बहुवर्षीय ठेक्का तथा श्रोत सुनिश्चितताको स्वीकृति प्राप्त भएपछि सघन सहरी तथा भवन निर्माण योजना, चितवनले बनाएको डिजाइन शहरी विकास तथा भवन निर्माण विभागले स्वीकृत गरेको थियो। बर्दघाटमा ट्रमा सेन्टर निर्माण हुने पक्का भएपछि नवलपरासीका आमनागरिक अत्यन्तै उत्साहित बनेका छन् ।

**विस्तृत पृष्ठ ६ मा**


# नयाँ वर्षको शुभकामना

नयाँ वर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण
नवलपरासीवासी दाजुभाइ, दिदीबहिनी एवं आमाबुबाहरुमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



विनोद चौधरी
केन्द्रीय सदस्य, नेपाली कांग्रेस
प्रतिनिधिसभा सदस्य, नवलपरासी (ब.सु.प.) क्षेत्र नं. १

# १५ गौरवका आयोजनामध्ये अधिकांश कार्यान्वयनमा

# के छ अहिलेको अवस्था ?

बर्दघाट । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य विनोद चौधरीले आफ्नो निर्वाचन क्षेत्रको विकासका लागि अगाडि सार्नुभएका १५ वटा गौरवका आयोजनामध्ये अधिकांश कार्यान्वयनमा गएका छन् । नवलपरासी (बसुप) क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएका चौधरीले समग्र जिल्लाको विकास र समृद्धि आफ्नो सरोकार भएको बताउँदै आउनुभएको छ । उहाँले स्थानीय तहका प्रतिनिधि, सरोकारवाला र विज्ञहरूसँगको छलफलका आधारमा आयोजनाको छनोट गर्नुभएको हो । तीन तहकै सरकारसँगको समन्वयमा ति आयोजना कार्यान्वयनमा गएको सांसद चौधरीको सचिवालयले जनाएको छ ।

## गौरवका आयोजनाहरुको अवस्था यस्तो छ –

**१. गण्डक नहर व्यवस्थापन :** नवलपरासी जिल्लाकै प्रमुख गण्डक नहरसँग यो क्षेत्रका नागरिकहरुको दैनिकी जोडिएको छ । गण्डक कार्यालयबाट २ वटा डीपीआर तयार भएको छ । ति डीपीआर कार्यान्वयनका लागि सिंचाई तथा जलस्रोत मन्त्रालय तथा अन्य सम्बन्धित निकायहरुमा पत्राचार गरिएको छ । आगामी वर्षको बजेटमार्फत् कार्यक्रममा समावेश गरिने सरकारको प्रतिवद्धता छ । सांसद चौधरीले सम्बन्धित मन्त्रालयका मन्त्री र प्रधानमन्त्रीसँगको छलफलमा गण्डक नहरका विषयमा ध्यानाकर्षण गराउँदै प्रभावकारी कामका लागि आग्रह गर्नुभएको छ ।

**२. मत्स्यपालन व्यवसाय प्रवर्द्धन :** सरावल गाउँपालिकालाई प्राथमिकतामा राखेर हुलासी खोलामा पोखरी निर्माण गर्ने आयोजनाको लक्ष्य छ । त्यसका लागि आवश्यक बजेट तर्जुमा गर्न प्रदेश तथा कन्द्रको कृषि मन्त्रालय तथा अन्य सरोकारवाला निकायसँग अनुरोध गरिएको छ । माछाका भूरा उत्पादन गर्ने, माछापालकलाई प्राविधि सहयोग गर्ने, बजारीकरण र प्रचारप्रसारमा काम गर्ने गरी प्राथमिकता निर्धारण गरिएको छ ।

**३. प्राविधिक शिक्षालय :** युवाहरुलाई प्राविधिक शिक्षा दिने र उनीहरुलाई उद्यमशील बनाउने यो आयोजनाको लक्ष्य हो । सरावल गाउँपालिकाको महेन्द्र मावि सरावल ६ मा प्राविधिक शिक्षा पठन पाठनका लागि सिटिइभिटीमा आवेदन दिइएको छ । स्वीकृतिको प्रक्रिया अगाडि बढाउन काम भइरहेको सांसद चौधरीको सचिवालयले जनाएको छ । यस्तै दिव्यज्योति क्याम्पसमा **नविल स्कुल अफ सोसल इन्टरप्रेनियरसीप** तालिम सञ्चालन भइरहेको छ ।

**४. एकीकृत उपनगरसहित चक्रपथ निर्माण :** प्रतापपुर गाउँपालिकामा एकीकृत उपनगरसहित चक्रपथ निर्माण कार्य अगाडि बढेको छ । आर्थिक वर्ष २०८०/८१ मा गाउँपालिकाले दुई करोड र लुम्बिनी प्रदेशले रु ३२ लाख ५० हजार बजेट विनियोजन गरी काम भइरहेको छ । आर्थिक वर्ष २०८१/८२ मा थप बजेटका लागि लुम्बिनी प्रदेशमा आवेदन दिइसकेको छ भने त्यसका लागि निरन्तर समन्वयको काम भइरहेको छ ।

**५. केरा तथा उखु खेती प्रवर्द्धन तथा व्यवस्थापन :** केरा तथा उखु खेतीको प्रवर्द्धनका लागि प्रदेश तथा केन्द्रको कृषि मन्त्रालय तथा अन्य सरोकारवाला निकायसँग समन्वयको काम भइरहेको छ । उन्नत जातको बेर्ना सर्वसुलभ तरिकाले उपलब्ध गराउन नर्सरी स्थापना तथा सञ्चालन गर्नका लागि माननीय विनोद चौधरीको सचिवालयले समन्वयन गरिरहेको छ भने उत्पादित केरा सहज बिक्री वितरण एवं खपतका लागि जग्गा छनोट प्रक्रिया भइरहेको छ ।

**६. प्राविधिक विश्वविद्यालय स्थापना :** प्राविधिक विश्वविद्यालय स्थापना गर्न संक्षिप्त परियोजना प्रस्ताव, विधान र वन क्षेत्रको जग्गा प्रयोगका लागि संघीय सरकारको वन मन्त्रालयको पत्रसहित लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालयमा आवेदन दिइसकिएको छ । वन क्षेत्रको प्रयोगको स्वीकृति सम्बन्धमा **इआइए**को प्रक्रिया अगाडि बढेको छ ।

**७. सिँचाइको विद्युतीकरण :** प्रतापपुरका सबै वडामा सिँचाइको व्यवस्था गर्न यो आयोजनालाई अगाडि सारिएको हो । अहिलेसम्म पचास प्रतिशतभन्दा बढि लक्ष्य हासिल भइसकेको छ भने आगामी वर्षमा थप स्थानका लागि प्रदेशको कृषि मन्त्रालयलाई पत्राचार गरिएको छ ।

**८. बुद्ध सर्किट :** सरावल गाउँपालिकाको रामग्राम, बर्दघाटको बुद्धमंगल ताल, सुस्ताको सत्पत्ति र अनोमाघाटलाई जोडेर एउटा अलग्गै बुद्ध सर्किटको रुपमा विकास गर्ने परिकल्पना गरिएको हो । बाल्मिकी आश्रमलाई समेत बुद्ध सर्किटमा समेटेर विकास गर्नका लागि पर्यटन मन्त्रालय तथा पर्यटन बोर्डमा अनुरोध गरिएको छ । यसको डीपीआरको कार्यका लागि पहल भइरहेको छ । त्यस्तै नयाँ झोलुंगे पुल हुँदै बाल्मिकी आश्रममा जान बागमती प्रदेशले राष्ट्रिय निकुञ्जभित्र ट्रेल बनाउन विनियोजन गरेको २० लाख रुपैयाँ र गार्ड हाउस बनाउन विनियोजन गरेको १५ लाख राष्ट्रिय निकुञ्जको खातामा पठाइएको छ ।

**९. कृषि केन्द्र :** कृषि पैदावरको समुचित प्रवर्द्धनका लागि उपयुक्त स्थानमा कृषि बजार केन्द्र स्थापना गर्ने लक्ष्य यस आयोजनाले राखेको छ । यसबाट कृषक र उपभोक्ताबीच प्रत्यक्ष व्यापार स्थापित हुनेछ । यसका लागि प्रदेश कृषि मन्त्रालयलाई पत्राचार गरिएको छ ।

**१०. विपन्नलाई आवास :** सुस्ता गाउँपालिकामा रहेका आवासविहीन नागरिकलाई लक्षित गरेर यो आयोजना अगाडि बढाइनेछ । सरकारी निकाय, निजी क्षेत्रसँगको समन्वयनमा आवासको व्यवस्था गरिनेछ । यसका लागि शहरी विकास मन्त्रालयसँग समन्वयको काम भइरहेको छ ।

**११. प्रकृतिमैत्री पर्वतीय पर्यटन :** जिल्लाको पहाडी क्षेत्र पर्यटकीय दृष्टिले उच्च सम्भावनायुक्त रहेको छ । यस अन्तर्गत पर्यटन पदमार्ग निर्माण, हिल स्टेशन, साहसिक पर्यटनको प्रवर्द्धन गरिनेछ । अम्बास-संसारकोटखण्डको बाटोका लागि ६ करोड बजेट विनियोजन भएर निर्माण कार्य भइरहेको छ । सो क्षेत्रमा रहेका अन्य केहि पर्यटकीय स्थानहरुको संरक्षण र प्रवर्द्धनका लागि नगरपालिकाबाट बजेट विनियोजन भएको छ ।

**१२. ट्रमासहितको विशेष सेवा अस्पताल निर्माण :** ट्रमा अस्पतालका लागि अर्थमन्त्रालयबाट १५ करोडको स्रोत सुनिश्चित हुनुका साथै सघन शहरी तथा भवन निर्माण आयोजना चितवनले टेण्डरको सूचना प्रकाशित गरिसकेको छ । चिसापानी अस्पताल स्तरोन्नतिको कार्य निरन्तर भइरहेको छ । अहिले अस्पतालप्रति स्थानीयको विश्वास बढेको छ । शल्यक्रिया कक्ष निर्माणका लागि प्रदेश स्वास्थ्य मन्त्रालयलाई पत्राचार गरिएको छ भने सिजी सबल केन्द्र सञ्चालनमा आइसकेको छ ।

**१३. साना तथा मझौला उद्यमशीलता विकासग्राम (एसएमई भिलेज) :** बर्दघाट नगरपालिकाको खजुरा खोला किनारामा **एसएमई भिलेज**को शिलान्यास भइसकेको छ । अहिले निर्माण कार्य पनि अगाडि बढिसकेको छ । थप निर्माण कार्यको टेण्डरका लागि विशेष आर्थिक क्षेत्र (सेज) र उद्योग मन्त्रालयमा आवश्यक समन्वयको काम भइरहेको छ ।

**१४. खेलकुद विकास :** सेमरी, प्रतापपुरमा कवर्डहल निर्माणका लागि ३० लाख रुपैयाँ विनियोजन भइ जग्गा निश्चित गरी स्टिमेटको काम भइरहेको छ । बर्दघाट १४ बुधवस्तीमा क्रिकेट मैदानका लागि १० लाख, बर्दघाट ४ मा स्पोर्ट्स स्टेडियमका लागि १५ लाख र बर्दघाट १६ सुर्यनगरमा स्पोर्ट्स स्टेडियम निर्माणका लागि ४० लाख बजेट विनियोजन भएर निर्माण कार्य भइरहेको छ ।

**१५. सरसफाई तथा हरियाली प्रवर्द्धन अभियान :** बर्दघाट-५ मा पर्ने करिब पाँच हेक्टर वन क्षेत्रको जग्गामा ल्याण्डफिल्ड साइट निर्माणका नगरपालिकाबाट वातावरणीय प्रभाव मूल्यांकन (आईईई) भइसकेको छ । नगरपालिकाले डीपीआर तयार गराउँदैछ । डीपीआर सहितका कागजात तथा विवरण प्राप्त भएपछि संघीय मामिला मन्त्रालयले आयोजना वर्गीकरणका लागि राष्ट्रिय योजना आयोगमा पठाउनेछ भने त्यसपछि निर्णयका लागि वन मन्त्रालयमा पठाउनेछ ।

# नवलपरासीमा जनतासँग जोडिंदै चौधरी फाउण्डेसन

नवलपरासी-१ बाट प्रतिनिधिसभामा नेपाली कांग्रेस केन्द्रीय सदस्य विनोद चौधरी निर्वाचित भएपछि विभिन्न विकास निर्माणका साथसाथै सामाजिक कार्यहरू पनि निरन्तर हुँदै आएका छन् । चौधरी फाउण्डेसनमार्फत् विभिन्न क्षेत्रमा सामाजिक कार्यहरू भइरहेका छन् । फाउण्डेसनले गरेका कार्यहरूको संक्षिप्त विवरण यस्तो छ :

## चिसापानी अस्पतालको स्तरोन्नति

चौधरी फाउण्डेसनको सहयोगमा चिसापानी अस्पतालको सेवा विस्तार हुँदै गएको छ । पश्चिम नवलपरासीको–१ बाट विनोद चौधरी निर्वाचित भएपछि चौधरी फाउण्डेसनको सहयोगमा अस्पतालको सेवा सुदृढीकरण र स्तरोन्नति कार्य भएको हो । अहिले अस्पतालमा विशेषज्ञ सेवा सहितको सुविधा उपलब्ध हुन थालेको हो ।

बिग्रेका मेसिनहरुको मर्मत सम्भार, तिनीहरुको प्रयोग र परिचालनका विषयमा तालिम दिइएको छ भने सरसफाइ, ल्याबको गुणस्तर नियन्त्रणका साथै नर्सहरुलाई पनि आवश्यक तालिम प्रदान गर्ने कार्य फाउण्डेसनमार्फत् भएको हो ।

अस्पतालको फोहोर व्यवस्थापन, थोरै ठाउँको अधिकतम प्रयोग गर्न मिल्ने गरी कोठा व्यवस्थापन र अस्पतालको नयाँ संरचना निर्माणमा फाउण्डेसनमार्फत् सहयोग भएको छ । अहिले अस्पतालमा २४ सै घण्टा ल्याबसुविधा उपलब्ध हुनुका साथै शल्यक्रिया सेवासहितको बर्थिङ सेन्टर स्थापना र २४ सैं घन्टा आपतकालीन सेवाहरूको सुनिश्चितता गरिएको छ । बिरामीको चाप बढ्न थालेपछि ओपीडी दर्ताका लागि टोकन प्रणाली लागु भइसकेको छ ।

## सीजी सबल केन्द्र :

चिसापानी अस्पतालमा सीजी सबल केन्द्र सञ्चालनमा आएको छ । केन्द्रमार्फत् हातखुट्टा नभएकाहरुलाई (कृत्रिम हातखुट्टा) सेवा उपलब्ध गराउन सुरु भइसकेको छ । चौधरी फाउण्डेसनले चिसापानी अस्पतालको संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन तयार गरी अस्पताल व्यवस्थापन र बर्दघाट नगरपालिकालाई बुझाइसकेको छ ।

## पक्लिहवा बर्थिङ सेन्टर

सुस्ता गाउँपालिका वडा नं ५ मा रहेको पक्लीहवास्थित स्वास्थ्य केन्द्रमा विशेषज्ञसुविधासहितको बर्थिङ सेन्टर सञ्चालनमा आएको छ । ग्रामिण क्षेत्रका महिलाहरुलाई गाउँमै विशेषज्ञ सुविधासहितको प्रसुति सेवा उपलब्ध गराउने उद्धेश्यले फाउण्डेसनले उक्त सेवा सुरु गरेको हो । अहिले यस केन्द्रबाट सयौंले सेवा लिइसकेका छन् ।

## महिलाका लागि स्वास्थ्य शिविर

सरावल, सुस्ता, प्रतापपुर र बर्दघाटमा महिलाका लागि निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । यो क्षेत्रमा उपयुक्त स्वास्थ्य संस्था नभएका कारण समयमै उपचार गर्न नपाउने र स्वास्थ्य समस्या बल्झिदै जाने भएकोले फाउण्डेसनले विशेषज्ञ चिकित्सकसहित स्वास्थ्य शिविर सञ्चालन गरेको हो । यस्ता खालका स्वास्थ्य शिविरले महिलामा देखिने रोगको समयमै पहिचान र त्यसको निवारणमा सहयोग पुग्ने गरेको छ ।



चौधरी फाउण्डेसनकी सचिव श्रीमती सारिका चौधरी पक्लिहवा बर्थिङ सेन्टरसम्बन्धी एमओयूमा हस्ताक्षर गरेपछि ।

## बलियो महिला कार्यक्रम

बलियो महिला कार्यक्रममार्फत् आइनरयुक्त खाद्य पदार्थहरूको उत्पादन, बजारीकरण र वितरणमा महिला उद्यमीहरूलाई सशक्त बनाउन नेपालमै नविनतम कार्यक्रम सञ्चालन गरेको छ । नवलपरासीको बर्दघाटमा पाँच दिने तालिमको आयोजना गरिएको थियो । उक्त तालिममा चार स्थानीय तहबाट ३२ जना महिलाहरुको सहभागिता रहेको थियो ।

## छात्रालाई साइकल वितरण

शिक्षा परियोजनाले विद्यार्थीहरूको शैक्षिक आवश्यकतालाई सम्बोधन गर्दै उनीहरूको समग्र स्वास्थ्य र हीतको प्रवर्द्धनका लागि काम गर्दै आएको छ । शिक्षाका बहुआयामिक कार्यक्रमले विद्यार्थीहरूको समग्र विकासलाई प्राथमिकतामा राख्दै सोहि अनुकूल सिकाइ वातावरणलाई बढावा दिने उद्देश्यले विभिन्न कार्यक्रम गर्दै आएको छ । सोहि अन्तर्गत फाउण्डेसनले नवलपरासीको महेन्द्र माविका छात्रालाई २० वटा साइकल हस्तान्तरण गरेको छ ।

## शिक्षासम्बन्धि अन्तर्क्रिया

चौधरी फाउन्डेसनले नेपालको वर्तमान शिक्षा प्रणालीका बारेमा नवलपरासी जिल्लाका शिक्षाविद् र सरकारी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ । सार्वजनिक र निजी शिक्षाको विश्वव्यापी क्षेत्रमा चार दशकभन्दा लामो अनुभव भएका भारतीय नागरिक शिक्षाविद् अरुण कपुर आएका थिए ।

## सिलाइ बुनाइ तालिम

बर्दघाटमा बसोबास गर्ने महिलाको जीविकोपार्जन र दिगोपन अभिवृद्धि गर्ने उद्देश्यले चौधरी फाउन्डेसनले तीन महिना लामो सिलाइ तालिम कार्यक्रम गरेको छ । महिलाहरूलाई व्यावसायिक र सीपमा आधारित तालिम प्रदान गरी आत्मनिर्भर जीवन जिउन सशक्तीकरण गर्नु तालिमको उद्देश्य हो । बर्दघाट नगरपालिकाको सुखौरा र अम्बासमा ५० जनाको सहभागितामा दुईवटा तालिम कार्यक्रम सम्पन्न भएको हो ।

## उन्नत ब्युटीसियन तालिम

बर्दघाट नगरपालिका वडा नं ४ का ३५ महिलालाई 'उन्नत ब्युटीसियन तालिम' कार्यक्रम आयोजना गरेको छ । यस तालिमले ग्रामीण महिलाहरूलाई बहुमूल्य सीपहरू प्रदान गरेर उनीहरुलाई आर्थिक रुपमा स्वावलम्बन बनाउने उद्धेश्य राखिएको छ । तालिममा सहभागी महिलाहरुले आफूलाई स्वरोजगार बन्न तालिम महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

## ठेला-गाडा वितरण

फाउन्डेसनले १५ घरधुरीलाई ठेला (गाडी) र व्यवसाय सुरु गर्न सुरुमा रु ५ हजार बीज पूंजीको रूपमा उपलब्ध गराएको छ । यस पहलले यी घरपरिवारहरूलाई आफ्नै साना व्यवसायहरू सुरु गर्न सहयोग पुगेको छ । जसले गर्दा तिनीहरूलाई आम्दानीको भरपर्दो स्रोत स्थापना गर्न मदत पुगेको छ ।

## युवालाई उद्यमशील बन्न तालिम

फाउन्डेसनले प्रतापपुरमा ६ महिना लामो व्यावसायिक तालिम प्रदान गरेको छ । सीजी पोलिटेक्निकलबाट ७३ युवाले तालिम लिएका छन् । प्रतापपुर गाउँपालिका, सुस्ता गाउँपालिका र बर्दघाट नगरपालिकाका युवाहरु तालिममा सहभागी थिए । स्थानीय युवाहरूको आवश्यकतालाई सम्बोधन गर्न र उनीहरुलाई उद्यमशीलतासँग जोड्न तालिम उपयोगी भएको सहभागीको भनाई छ । युवाहरूलाई विद्युतीय र मेकानिकल तालिम दिइएको थियो ।

# माननीय विनोद चौधरीले जितेपछि अनुभूति हुने गरी विकासको कामले गति लिएको छः

## शम्भुलाल श्रेष्ठ

मेयर, बर्दघाट नगरपालिका



**नवलपरासी (बसुप) जिल्लाको बर्दघाट नगरपालिकाका मेयर शम्भुलाल श्रेष्ठ आमनागरिककाबीचमा निकै लोकप्रीय हुनुहुन्छ । २०७९ मा नेपाली कांग्रेसबाट मेयरमा निर्वाचित हुनुभएका श्रेष्ठ नगरपालिकाको सिमित साधनस्रोतका बाबजुत पनि नगरको विकासका लागि निरन्तर क्रियाशील हुनुहुन्छ । बर्दघाट नगरपालिकासमेत पर्ने नवलपरासी क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिष्ठित उद्योगपति विनोद चौधरी निर्वाचित भएपछि यो क्षेत्र अहिले देशभरकै चर्चा र चासोमा छ । 'विकासका लागि राजनीति' भन्ने नाराका साथ चुनावी मैदानमा होमिनुभएका चौधरीको जितपछि यो क्षेत्रमा के कस्ता विकासका कामहरू भइरहेका छन् ? मेयर श्रेष्ठको दुई वर्षको कामको समिक्षालगायत समग्र बर्दघाट क्षेत्रको विकासका बारेमा उहाँसँग पत्रकार पुरुषोत्तम सुवेदीले गरेको कुराकानीको सम्पादित अंश :**

### बर्दघाट नगरपालिकाको मेयर निर्वाचित भएको अब दुई वर्ष पुग्दैछ । कस्तो रह्यो यो दुई वर्ष ?

बर्दघाट नगरपालिकाको मेयर निर्वाचित हुँदै गर्दा दुई वर्ष कार्यकालमा जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारीहरुबाट पालिकाको समग्र विकासमा सहयोग भएको छ । बर्दघाट नगरपालिकाभित्र विकास गरिने आयोजनाहरु चाहेअनुसार गर्न सकिरहेको अवस्था छैन किनभने राज्यको आर्थिक अवस्था कमजोर भएर नै होला । गत वर्षको बजेटमा २० प्रतिशत कटौती भएको थियो भने यस वर्षको बजेटमा ४० प्रतिशत बजेट कटौती गर्ने केन्द्रको निर्देशन अनुसार योजनामा परेका आयोजनाहरु हटाउन वा कटौती गर्न बाध्य भएका छौं । तर पनि हामीसँग जे जति साधन स्रोत छ, त्यसको उच्चतम उपयोग गर्दै यो नगरपालिकाको विकासका लागि निरन्तर खटेका छौं । अझै तीन वर्ष बढि बाँकी छ । हामी यहाँका सम्पूर्ण जनसमुदायसँग हातेमालो गर्दै अगाडि बढेका छौं ।

### चुनावका बेला गरिएका प्रतिवद्धता कति कार्यान्वयन भए, कति बाँकी छन्?

हामी गठबन्धनका तर्फबाट चुनाव लड्दै गर्दा बर्दघाट नगरपालिकाको समग्र विकसका लागि सुकुम्वासी तथा अव्यवस्थित बसोबासको समस्या, वडा नं २ पहाडी क्षेत्रमा विद्युतीकरण, शिक्षा, स्वास्थ्य र कृषिका क्षेत्रमा पहिलो प्राथमिकताका आधारमा काम गर्ने प्रतिवद्धता गरेका थियौं । सोही अनुसार योजनाहरु प्राथमिकताका आधारमा क्रमिक रुपमा पुरा गर्ने कार्यमा लागिरहेका छौं । मैले अघि पनि भने कि दुई वर्षमा हामीले विकासका केहि आधार तयार गरेका छौं । अब त्यसलाई थप गति दिन्छौं ।

### जनप्रतिनिधिका रुपमा काम गर्न समस्या क-के पाउनुभयो ?

जनताका इच्छा र आकांक्षा अनन्त छन् । ति इच्छा र आकांक्षा पुरा गर्नका लागि सीमित स्रोत र साधनहरु रहेका छन् । नगरको आम्दानीको स्रोत ज्यादै न्यून रहेको छ । जसले गर्दा विकासका योजनाहरु चाहे अनुसार गर्न सकिरहेका छैनौं । सिंहदरवारको अधिकार गाउँ गाउँमा भन्ने नारा सजिलो छ तर काम गर्ने सिलसिलामा सानातिना कानुनी अड्चनले काम गर्नमा बाधा पुऱ्याइ रहेको छ । त्यस्ता कानुनी अड्चन फुकाउनका लागि ऐन, कानुन, कार्यविधि समयमा बनाउन प्रयास गर्दागर्दै काममा केही ढिलासुस्ती हुन गएको छ ।

### बर्दघाटको समग्र विकासका लागि तपाईले पहिचान गरेका आयोजनाहरु के-के हुन् ?

बर्दघाट नगरपालिकाको विकास दिगो र दीर्घकालसम्म हुनुपर्दछ भन्ने मान्यताका आधारमा नगरपालिकाको समग्र विकासका लागि पर्यटन क्षेत्र (जस्तै बुद्धमंगल ताल, वनदेवी मन्दिर, कञ्चनगढी सिमसार, शहिदपार्क, संसारकोट) पहाडी क्षेत्रमा विद्युतीकरण, २०७७ सालदेखि ठेक्का लागेर निर्माण हुन नसकेको खजुरा खोलामा पुल निर्माण, चिसापानी अस्पतालमा ट्रमा सेन्टर निर्माण र अस्पतालको स्तरोन्नति, फोहोर व्यवस्थापन तथा हरियाली प्रवर्द्धन जस्ता आयोजनाहरु कार्यान्वयनमा अगाडि बढिरहेका छन् । यी सबै काममा माननीय विनोद चौधरीज्यूको ठूलो सहयोग हामीले पाएका छौं ।

### पूर्व-पश्चिम राजमार्गको प्रमुख केन्द्र बर्दघाट अब तीन वर्षपछि कस्तो हुनेछ ?

बर्दघाट नगरपालिकालाई उज्यालो नगरका साथै पर्यटकीय क्षेत्रको रुपमा पहिचान गराउने लक्ष्य छ । बर्दघाट नगरपालिका लुम्बिनी प्रदेश प्रवेशद्वारको रुपमा रहेको र बर्दघाट नगरपालिकाभित्र रहेको गौतम बुद्धसँग जोडिएको बुद्धमंगलताललाई लुम्बिनी सर्किटसँग जोडी लुम्बिनी प्रवेश गर्ने व्यक्ति तथा पर्यटकहरुलाई बर्दघाट नगरपालिकाबाट नै लुम्बिनीको पहिचान गराउने उद्देश्य रहेको छ । बर्दघाट नगरपालिकाको शिक्षालाई प्रविधिमैत्री शिक्षाको रुपमा विकास गर्न प्रत्येक विद्यालयमा स्मार्ट बोर्डको व्यवस्था गरी क्रमिक रुपमा गुणस्तरीय शिक्षामा बृद्धि गर्ने उद्देश्यका साथ अगाडि बढिरहेका छौं ।

### प्रतिष्ठित उद्योगपति एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य विनोद चौधरीको निर्वाचन क्षेत्रभित्र पर्छ बर्दघाट नगरपालिका । कसरी समन्वय गरि रहनुभएको छ विकासमा ?

स्थानीय क्षेत्रको विकासमा संघीय तहबाट विभिन्न मन्त्रालयमार्फत विनियोजन भएको बजेटका विषयमा पालिकाले फलोअप गरिरहनुपर्ने

रहेछ । यस सन्दर्भमा पालिका पटक पटक धाउन साह्रै गाह्रो हुँदो रहेछ । माननीय विनोद चौधरी यस क्षेत्रबाट निर्वाचित भएपछि संघीय तहमा सम्पर्क समन्वयका लागि हामीलाई सजिलो भएको छ । संघीय तथा प्रदेश माननीयहरुसँग नगरका योजनाहरुको बारेमा छलफल गरी नगरले नसकेका योजनाहरु संघीय तथा प्रदेशबाट योजनाहरु पार्न सफल भएका छौं । त्यसैगरी संघीय तथा प्रदेश तहका योजनाहरु छनौटमा माननीयहरुको सहकार्यले पालिकाको समग्र विकास महत्वपूर्ण भूमिका रहेको छ । बर्दघाट नगरपालिकाको समग्र विकासमा माननीयहरुको महत्वपूर्ण योगदान रहेको छ ।

### उहाँ निर्वाचित भएर आएपछि बर्दघाट र यो समग्र निर्वाचन क्षेत्रको विकासमा कस्तो फरक पाउनुभयो ?

उहाँ निर्वाचित भएर आएपछि बर्दघाट नगरपालिकाको समग्र विकासमा एक अभिभावक पाएको महसुस गरेको छु । पालिकाको सीमित स्रोत र साधनका कारण स्थानीय क्षेत्रको विकासमा पालिकाले व्यवस्था गर्न नसकेको बजेटमा संघीय तथा प्रदेश तहबाट बजेट प्राप्तिमा सहयोग भएको छ भने चिसापानी अस्पतालको गुणस्तर बृद्धिमा चौधरी फाउण्डेशन संस्थामार्फत भौतिक तथा प्राविधिक सहयोगले अस्पतालप्रतिको विश्वसनियता दिन प्रतिदिन बृद्धि हुँदै गएको छ ।


संघीय सांसद विनोद चौधरी र मेयर शम्भुलाल श्रेष्ठ

### उहाँले यो क्षेत्रको विकासकालागि गरिरहनु भएको प्रयासलाई कसरी हेर्नु भएको छ ?

यो एक वर्षमा हाम्रो बर्दघाट नगरपालिका मात्रै होइन कि समग्र यो निर्वाचन क्षेत्रमै विकासको लहर अगाडि बढेको छ । विगत वर्षका तुलनामा माननीय विनोद चौधरीले जितेपछि यहाँ सबैले अनुभुति गर्ने गरी काम भएको छ । उहाँको काम गर्ने शैलीबाट म प्रभावित छु । कुनै पनि कामलाई परिणाममुखी कसरी बनाउन सकिन्छ भन्ने कुरा उहाँबाट हामीहरुले सिक्न जरुरी छ । चिसापानी अस्पतालकै कुरा गरौं, उहाँ निर्वाचित भएपछि आज यो अस्पतालको सेवा विस्तार र गुणस्तरमा फड्को मारेको छ । हामी सबैको पहल र समन्वयमा ट्रमा सेन्टर निर्माण प्रक्रिया अगाडि बढेको छ । चौधरी फाउण्डेसनबाट यहाँ निरन्तर सामाजिक कार्यहरु भइरहेका छन् । महिला उद्यमशीलताका लागि फाउण्डेसनले गरेको सहयोग अतुलनीय छ । यसबाट यहाँका दिदीबहिनीहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बन्न ठूलो मदत पुगेको मैले विश्वास लिएको छु ।

युवाहरुलाई उद्यमशील बनाउन माननीयज्यूकै पहलमा पोलिटेक्निक सञ्चालनमा छ । उहाँले जुन विकासको खाका बनाउनुभएको छ, र त्यसलाई कार्यान्वयन गर्न जसरी लाग्नुभएको छ, अबको चार वर्षमा यो क्षेत्रमा धेरै फरक पाउँछौं जस्तो लाग्छ । उहाँजस्तो राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा ख्याति कमाएको व्यक्तिका कारण पनि यो क्षेत्र चर्चामा छ । धेरै काम गर्नुपर्नेछ, तर त्यसका लागि हामी सबै जनप्रतिनिधि मिलेरै अगाडि बढ्न सक्यौं भने हामी धेरै काम गर्न सक्छौं । स्थानीय तह, प्रदेश र संघका जनप्रतिनिधिहरुबीचको आपसी समन्वय र सहकार्यबाटै यो क्षेत्रलाई थप विकसित बनाउन सकिन्छ । माननीय विनोद चौधरीज्यूको नेतृत्वमा यो क्षेत्रले विकासको फड्को मार्छ भन्नेमा म आशावादी छु ।

उहाँ जब यो क्षेत्रमा आउनुहुन्छ, यहाँको विकासका बारेमा सम्पूर्ण सरोकारवालाहरुसँग छलफल गर्नुहुन्छ । हरेक विकासका कामको समिक्षा गर्नुहुन्छ । कँहि बाधा वा अवरोध भए, त्यसको तत्कालै निकासका लागि पहल गर्नुहुन्छ । यो त राम्रो काम हो नि । यसरी नै क्षेत्रको विकास हुने हो । हामी तीन तहकै जनप्रनिधिबीचको जुन समन्वय छ, यसले राम्रो परिणाम दिन्छ ।

### विनोद चौधरीले 'विकासका लागि राजनीति' भनेर चुनावमा नारा नै बनाउनुभएको थियो । त्यो अहिले कार्यान्वयनमा छ, त्यसो भए ?

हेर्नुस्, विकास भनेको कुनै एउटा व्यक्तिले मात्रै चाहेर पनि सम्भव हुँदैन । राजनीतिक नेतृत्व वा जनप्रतिनिधिको चाहनाले मात्रै पनि सम्भव हुँदैन । यसका लागि जनप्रतिनिधि, कर्मचारी, आमनागरिक सबैको उत्तिकै दायित्व हुन्छ । त्यसका लागि सबै पक्षबीच समन्वय र सहकार्य आवश्यक हुन्छ । विनोद चौधरीज्यूलाई यहाँका जनताले भारी मतका साथ विजय गराउनुका पछाडि यहि कारण थियो कि उहाँबाट यो क्षेत्रको विकास सम्भव हुन्छ भनेर । विगतमा कसले के गरे, कति गरे । त्यसको छुट्टै समिक्षा गरौंला कुनै दिन । तर विनोद चौधरीजीसहित यहाँका स्थानीय जनप्रतिनिधिहरुले यो क्षेत्रको विकासका लागि जसरी मेहनत गरिरहेका छौं, सबैको प्रयासबाट यो सार्थक हुन्छ । माननीय विनोद चौधरीज्यूको जुन पहुँच छ, उहाँको जुन व्यक्तित्व छ, त्यसबाट हामीले धेरै लाभ लिनसक्छौं । यहाँका नागरिकले त्यसको सकारात्मक लाभ लिनसक्छन् ।

यो क्षेत्रको विकासका लागि उहाँबाट हामीले धेरै अपेक्षा गरेका पनि छौं । त्यसैले जति काम भइरहेका छन्, हामी अझै त्यो भन्दा धेरै अपेक्षा गर्छौं । उहाँप्रति यहाँका जनतामा आशा पनि छ, अनि भरोसा पनि छ । त्यसलाई हामीले कमजोर हुन दिनुहुन्न । म के कुरामा आशावादी छु भने जसरी पछिल्लो एक डेढ वर्षमा काम भइरहेको छ, यसलाई सकारात्मक रुपमा लिएका छौं । स्थानीय, प्रदेश र संघमा हामी एउटै पार्टीबाट निर्वाचित भएका छौं । त्यसले गर्दा समन्वय गर्न झन् सजिलो भएको छ ।

हामी सबैको चाहना भनेकै यो क्षेत्रको समग्र विकास हो । हामी सबै यसका लागि दृढ छौं । सबैले आ-आफ्नो तहबाट प्रयास गरिरहेका छौं । प्रदेशबाट ल्याउनुपर्ने परियोजनाका लागि प्रदेश माननीयज्यू पनि लागिरहनुभएको छ । संघबाट गर्नुपर्ने सहयोगका लागि माननीय विनोद चौधरीज्यू लाग्नुभएको छ । उहाँको सचिवालय पूर्ण रुपमा यो क्षेत्रको विकासका लागि खटिएको हामीले पाएका छौं । यसरी नै विकास हुने हो । समय अझै बाँकी छ । हामीले धेरै गर्न सक्छौं । विकास निर्माणका आयोजनाहरु सञ्चालनमा ढिला सुस्ती हुने कुरामा विनोद चौधरीको क्षेत्र हो भने पछि हेर्ने दृष्टिकोणमा पनि फरक पाएको छु । उहाँको शालिनता, बौद्धिकता र पहुँचका आधारमा पनि यस क्षेत्रको विकासमा कोसेढुङ्गा हुने महसुस गरेको छु ।

### तपाईका योजना के छन् ?

- बर्दघाट नगरपालिकाभित्र बसोवास गर्ने नागरिकहरुलाई स्वच्छ पानी खुवाउनु प्रमुख दायित्व भएकाले एक घर, एक धारा जडान अभियान कार्यलाई अगाडि बढाइएको छ ।
- नगरपालिका भित्रका मानिसहरु अधिकांश कृषि पेशामा संलग्न भएकाले कृषिलाई आधुनिकीकरण तथा व्यवसायीकरणका लागि आधुनिक कृषि औजारहरु किसानहरुलाई अनुदानमा उपलब्ध गराउने योजनाहरु रहेका छन् ।
- कृषि उत्पादनमा सिंचाइको महत्व भएकाले डिप बोरिङ लाई भन्दा सतह सिंचाइ र फाटक सिंचाइलाई जोडदिने योजना रहको छ ।
- बर्दघाट नगरपालिकाले खेलकुदका क्षेत्रमा राष्ट्रिय पहिचान बनाउन सफल भएकाले नगरपालिकालाई खेलकुदको हवकारुपमा विकास गर्दै लगिनेछ ।
- समाजमा बढ्दै गएको दुर्व्यसनीलाई न्यूनीकरण गर्नका लागि नगरपालिकाका १६ वटा वडाहरुमा युवाहरुका लागि फुटवल, भलिवल, क्रिकेट, कपर्दी, खोखोजस्ता खेलहरुका माध्यबाट आपसी सद्भाव कायम गर्ने गरि काम भइरहेको छ ।

# नारायणगढ-बुटवल र हुलाकी सडकलाई प्राथमिकता

बर्दघाट : विकासका लागि राजनीतिको संकल्पका साथ अगाडि बढ्नुभएका नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य विनोद चौधरीले ठूला विकास आयोजना निर्माणमा बिलम्ब गर्न नहुने बताउँदै आउनुभएको छ । उहाँले राज्यको ठुलो धनराशी खर्च भएका आयोजना समयमै सम्पन्न नहुँदा राज्य र नागरिक दुबैलाई नोक्सानी हुनेतर्फ सरोकारवालाको ध्यानाकर्षण गराउँदै आउनुभएको हो । नवलपरासी-१ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएपछि आफ्नो जिल्लाको विकासलाई प्राथमिकता दिँदै आएका सांसद चौधरीले निरन्तर सरोकारवाला पक्षहरुसँग विकासका विषयमा छलफल र समन्वय गर्दै आउनुभएको छ ।

पश्चिम नवलपरासी जिल्लाभित्र सञ्चालित विकास आयोजनाको प्रगति एवं समस्या समाधानका विषयमा उहाँले सरकारी निकाय, स्थानीय तह र निर्माण व्यवसायीसँगको छलफल सांसद चौधरीको एउटै जोड हुन्छ, 'कुनै पनि बहानामा विकास निर्माणका काममा अवरोध हुनुहुँदैन ।'

जिल्ला प्रशासन कार्यालय नवलपरासीमा भएको छलफलमा उहाँले भन्नुभयो, 'विकास परियोजना सम्पन्न गर्न सरकारकातर्फबाट गर्नुपर्ने सहजीकरणमा हामीले निरन्तर समन्वय गर्दै आएका छौं । स्थानीय तह होस् वा प्रदेश सरकार, त्यहाँ पनि हाम्रातर्फबाट निरन्तर समन्वयको काम भइरहेको छ । तर के कारणले आयोजनाहरुको काम अपेक्षाकृत हुन सकेको छैन । यसमा गम्भीर बन्न जरुरी छ ।'

नारायणगढ-बुटवल सडकखण्ड र हुलाकी राजमार्गको कामलाई तिब्रता दिन उहाँको जोड थियो । नारायणगढ बुटवल सडकखण्ड निर्माण र विस्तारमा भइरहेको ढिलाइले सवारी दुर्घटनाको संख्या बढेको छ भने यात्रु र स्थानीयले सास्ती व्यहोरेका छन् । सांसद चौधरीले संघीय सरकारलाई पनि नारायणगढ-बुटवल सडकखण्ड र हुलाकी राजमार्गको कामका विषयमा पटपकटक ध्यानाकर्षण गराउनुभएको छ । उहाँले भौतिक पूर्वाधार मन्त्रीसँग भेटेरै राजमार्गको काममा विलम्ब नगर्न र छिटो निर्माण कार्य सम्पन्नका लागि सरकारबाट पहल गर्न आग्रह गर्नुभएको थियो ।

# चिसापानीमा ट्रमा सेन्टर: अगाडि बढ्यो निर्माण प्रक्रिया

विभिन्न अवरोधहरुका बाबजुत पश्चिम नवलपरासीको बर्दघाटस्थित चिसापानीमा ट्रमा सेन्टर निर्माण प्रक्रिया अगाडि बढेको हो । शहरी विकास मन्त्रालय अन्तर्गतको सघन सहरी तथा भवन निर्माण योजना, चितवनले चैत २० गते ठेक्का आह्वान गरिसकेको छ । १५ करोड बजेट लागतको बहुवर्षीय ठेक्का अन्तर्गत सघन सहरी तथा भवन निर्माण योजना, चितवनले टेण्डर खोलेको हो ।

अर्थ मन्त्रालयबाट माघ १७ गते १५ करोड रुपैयाँको बहुवर्षीय ठेक्का तथा श्रोत सुनिश्चितताको स्वीकृति प्राप्त भएपछि सघन सहरी तथा भवन निर्माण योजना, चितवनले बनाएको डिजाइन शहरी विकास तथा भवन निर्माण विभागले स्वीकृत गरेको थियो ।

चिसापानी अस्पतालमा ट्रमासहितको सुविधा सम्पन्न एकीकृत अस्पताल सञ्चालन गर्ने सांसद चौधरीको प्रतिवद्धता थियो । चिसापानीमा ट्रमा अस्पताल निर्माण हुन नदिन कतिपय स्वार्थ समूहहरु निरन्तर सक्रिय थिए । उनीहरुकै कारण ट्रमा अस्पताल निर्माण प्रक्रिया अगाडि बढ्न सकेको थिएन । 'बरू अस्पताल नै नबनोस् तर चिसापानीमा कुनै पनि हालतमा बन्नु हुँदैन भन्नेमा त्यस क्षेत्रका केहि मान्छेहरु निरन्तर सक्रिय रुपमा लागेका थिए । यसको अगुवाई यो ठाउँका प्रभावशाली व्यक्तिहरुले नै गरेका थिए,' बर्दघाटका एक शिक्षकले भन्नुभयो, 'अरूले गर्न लागेको विकास निर्माणमा अवरोध खडा गरेर नै नेतृत्व तहमा पुगिन्छ भन्ने दुषित मानसिकता अझै छ उनीहरूमा । तर पनि त्यसलाई छिचोलेर माननीय विनोद चौधरीज्यूको पहलमा यहाँका मेयर र वडाध्यक्षज्यूहरुले ट्रमा सेन्टरको काम अगाडि बढाउन सफल हुनुभयो । यो हाम्रा लागि खुसीको कुरा हो ।'

निर्वाचनका बेला चिसापानी अस्पतालको सेवा विस्तारसँगै विशिष्टिकृत सुविधा सम्पन्न अस्पताल निर्माण गर्ने प्रतिवद्धता अनुसार सांसद चौधरीको निरन्तरको पहलपछि भवन निर्माण कार्यले सार्थकता पाएको हो । आव २०८२/०८३ सम्ममा निर्माण कार्य सम्पन्न हुने सो अस्पताल सघन सहरी तथ भवन निर्माण आयोजना, चितवनले निर्माण कार्य अगाडि बढाउने सरकारले जनाएको छ ।

'चिसापनी अस्तापलमा ट्रमा अस्पतालको निर्माण कुनै पनि हालतमा हुन नदिन विभिन्न पक्षहरुबाट थुप्रै अवरोधहरु भएपनि माननीय विनोद चौधरी तथा वहाँको सचिवालयबाट निरन्तर प्रयासको फलस्वरूप यो स्वीकृतिको सफलता प्राप्त भएको छ,' एक स्थानीयले भने, 'माननीयज्यूले चुनावको समयमा जनतासँग गर्नुभएको वाचामध्येको यो ट्रमा अस्पताल निर्माण पनि एक हो । वहाँले यसलाई गौरव आयोजनाको रूपमा राख्नुभएको छ ।

प्रतिनिधिसभामा निर्वाचित भएपछि सांसद चौधरीले नवलपरासीको विकासका लागि आफूलाई केन्द्रीत गर्दै आउनुभएको छ । उहाँले निर्वाचनका बेला गरेका प्रतिवद्धता कार्यान्वयनका लागि व्यवस्थित विकासको अवधारणा बनाउनुभएको छ ।

ट्रमा अस्पताल सञ्चालनपश्चात् पूर्वपश्चिम राजमार्गको नवलपरासी बुटवल खण्डमा हुने सवारी दुर्घटना तथा स्थानीय तहमा हुने दुर्घटना लगायत सबै प्रकारका विरामीहरुले सहज उपचार पाउने छन् । सांसद चौधरीले चिसापानी अस्पताललाई यो क्षेत्रकै उत्कृष्ट सेवा प्रदान गर्ने अस्पतालका रुपमा अगाडि बढाउने योजना बनाउनुभएको छ ।




यस्तो बन्दैछ ट्रमा सेन्टर

## नवलपरासी क्षेत्र नं. १ मा भएका

# राजनीतिक एवम् सामाजिक गतिविधि


निर्वाचन क्षेत्रमा नागरिकका समस्या र गुनासा सुन्दै माननीय विनोद चौधरी


स्थानीयका समस्या, गुनासा र विकास निर्माणका कामबारे छलफल गर्दै



राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिताको उद्घाटन समारोहमा


साना तथा मझौला उद्यमशीलता विकासग्रामको शिलान्यास


दुग्ध किसानसँग छलफल



तमु ल्होसारको अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रम


पालडांडा कप फुटबल प्रतियोगिताको उद्घाटन समारोह


नवलपरासीमा संचालित ठुला आयोजनाको कार्यप्रगतिबारे सरोकारवालासँग छलफल

# युवाहरूका प्रेरणा, विनोद चौधरी

**चौधरी बाध्यताबस आफ्नो मुलुक छोडिरहेका लाखौं नेपालीहरुका पीडा र आफ्नै देशमा रहेका सम्भावनाबारे बोलिरहेका हुन्छन् ।**

पश्चिम नवलपरासीका सांसद एवं प्रतिष्ठित उद्योगी विनोद चौधरीमा देखिने जोस, जागर र सक्रियता लोभलाग्दो छ । अझ चौधरीको सोच र काम गर्ने तरिका नजिकबाट नियाल्ने हो भने ती युवाकेन्द्रित हुन्छन् । लाग्छ कि चौधरी ४० बर्ष युवा नेता हुन् ।

पुर्वाञ्चल विश्वविद्यालयको दीक्षान्त समारोहलाई सम्बोधन गर्दै विनोद चौधरीले भनेका थिए - भगवानसँग प्रार्थना गरेर मिल्छ भने म आफूलाई पुनः ४० बर्षको बनाइदिन आग्रह गर्ने थिए । किनभने यदि म ४० वर्षको हुन पाए भने मैले मेरो बाँकी जीवन नेपाललाई समृद्ध राष्ट्र बनाउनमा लगाउने थिए । नेपाललाई विश्वको विकसित मुलुकका रुपमा स्थापित गर्नु अब मेरो एकमात्र धोको हो ।

देश निर्माणको मुख्य भूमिका युवा जनशक्तिमा निहित हुने मान्यता बोकेका चौधरी धेरैजसो युवाहरु माझ देखिन्छन् । आफूले देखेका र भोगेका सफलता र चुनौतीका कथाहरु सुनाइरहेका हुन्छन्, 'सपना देख्नुहोस् र त्यसलाई पुरा गर्ने संकल्प लिनुहोस्, सफलता तपाइको दास नबनी सुखै छैन ।'

साँच्चै नै माननीय सांसद चौधरीमा जनताको सेवा गर्ने हुट्हुटि र समृद्ध नेपाल निर्माण गर्ने प्रतिबद्धताको दौडमा देखिएको यो जोश ४० बर्षे युवाको भन्दा कम छैन ।

युवाहरुको भाव, आवश्यकता र क्षमता बुझेकाले नै चौधरी **योङ्ग प्रेसिडेंट्स अर्गनाइजेसन** (वाइपीओ), लायन्स क्लब इन्टरनेसनल जस्ता ख्यातिप्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय युवा संघसंस्थाहरुमा निकै सक्रिय भए र यी संघसंस्थाहरुले आयोजना गर्ने कार्यक्रमहरुमा सहभागी भइ नेपाली एवं विभिन्न मुलुकका युवाहरुको जोशको आगोमा घ्यू थप्दै हिडिरहेका हुन्छन् ।

कहिले उद्यमशीलता त कहिले विभिन्न खेलहरुको प्रवर्द्धन मार्फत् युवाहरुलाई प्रेरणा दिइरहने चौधरी हरेक सार्वजनिक कार्यक्रममा बाध्यतावस आफ्नो मुलुक छोडिरहेका लाखौं नेपालीहरुका पीडा र आफ्नै देशमा रहेका सम्भावनाहरु बारे बोलिरहेका हुन्छन् । विदेशिएका युवामा नेपालको कटु यथार्थ र देशमा रहेका युवामा नेपालको भविष्य देख्ने चौधरी भनिरहेका हुन्छन्, 'तपाई कति धनी परिवारमा जन्मनुभयो भन्ने कुराको आडम्बरले भविष्यको निर्धारण गर्दैन । तपाईसँग रचनात्मक सोच कति छ र त्यसलाई कार्यान्वयन गर्ने धैर्यता कति छ भन्ने कुराले नै तपाईको भविष्यको निर्धारण गर्दछ ।'

नेपाल जस्तो कठिन देशमा चौधरी ग्रुपको व्यवसायिक साम्राज्य खडा गरेर सफल नेपाली उद्यमी कहलिएका चौधरी नेपाली युवाहरु अरु मुलुकका युवा भन्दा कुनै हिसावले पनि पछि नरहेको बताउँछन् । ३० वर्ष भन्दा कम उमेरका विभिन्न देशका युवाहरुले संसार हल्लाउन सक्छन् भने त्यो सामर्थ्य नेपाली युवाहरुमा रहेको बताउँदै आएका चौधरी भन्छन्, 'खाँचो केवल सपनाको हो र सपना पुरा गर्ने धैर्यताको ।'



परिचम नवलपरासीका युवाहरुका बीच माननीय विनोद चौधरी



**तेस्रो आँखा**

रितमान मगर
अध्यक्ष, जिल्ला खेलकुद विकास समिति, नवलपरासी

१५ हजार भन्दा धेरैलाई प्रत्यक्ष रोजगारी दिइरहेको उनकै चौधरी ग्रुपलाई हेर्ने हो भने पनि यस संस्थामा ३५ वर्ष भन्दा कम उमेरका युवाहरुलाई उनले जिम्मेवारी दिइरहेको देख्न सकिन्छ, जसले चौधरीको युवाप्रतिको भरोसा स्पष्ट हुन्छ ।

सपना देख्नुहोस् र पुरा गर्न संकल्प गर्नुहोस्, सिर्जनशीलता र धैर्यता नै सफलताका आधार हुन्, प्यासन बिना गरिएका कुनै कामले अर्थ राख्दैन, संसार हल्लाउने एकमात्र हतियार सिर्जनशीलता हो, पैसाको अभावले तपाईंको सपना मर्नै सक्दैन, जीवनको एउटा ढोका बन्द हुँदा सयौं ढोकाहरु खुल्ने गर्दछन्, धनी व्यक्ति त्यो हो जो कर्मशील छ, महत्वकांक्षा सफलताको एउटा सिंढी हो, आम्दानी र खर्चको सन्तुलनले जीवनमा सुख मिल्छ जस्ता चौधरीका कथनहरु नेपाली युवामाझ सफलताका सुत्रका रुपमा स्थापित छन् ।

देशको आर्थिक रुपान्तरण र युवाहरूको भविष्य यही देशमा सुनिश्चित गर्ने उद्धेश्य बोकेर चौधरी विगत केहि वर्षदेखि सक्रिय राजनीतिमा लागेका छन् । 'युवाहरूको भविष्य यही देशमा सुरक्षित छ र उनीहरूका सन्ततिको भविष्य यही देशमा उज्ज्वल रहनेछ भन्ने स्थापित गर्न म संकल्पका साथ राजनीतिमा केन्द्रित भएको छु', उनी भन्छन्, 'यो संकल्प पुरा गर्न सकेनौं भने राजनीतिमा हाम्रो सान्दर्भिकतामाथि प्रश्न उठ्नेछ ।' हरेकजसो सार्वजनिक कार्यक्रममा उनी प्रश्न गर्छन्, 'हामीले नयाँ पुस्तालाई तिम्रो भविष्य यही देशमा सुरक्षित छ भनेर देखाउने आधार के हुन् ?' र, भन्छन् यदि हामीले आधार दिन नसक्ने हो भने नेपाली युवाहरुको विदेश यात्रा जारी रहनेछ ।

सांसद चौधरीले नवलपरासीका युवाका लागि सीजी पोलिटेक्निक संचालन गरिरहेका छन्, जुन संस्थाले युवाहरुमा सीप भरिदिन्छ । चाहे स्वदेशमा होस् वा विदेशमा, सीप सिकेका युवाको माग धेरै नै छ । उनी फुटबल होस् वा क्रिकेट खेलिरहेका युवाहरुका बीचमा पुगेर खेलाडीहरुमा उत्साह भरिरहेका हुन्छन् । उनी उद्यमशीलता सिकाउन **गरिखाने अभियान**का बारेमा युवाहरुलाई बुझाइ रहेका हुन्छन् । उनलाई लाग्छ की युवाहरुलाई चार पैसाको लोभ देखाएर आश्रित बनाउने होइन, उनीहरुको सोचमा परिवर्तन, हातमा सीप र स्रोत जुटाइदिएर उद्यमी बनाउनुपर्छ । विनोद चौधरी तिनै युवा केन्द्रित राजनीति गरिरहेका छन् ताकी यो देशको भविष्य जरैदेखि बलियो बनाउन सकियोस् ।

नवलपरासीका युवाहरु यतिबेला माननीय विनोद चौधरीप्रति निकै आशावादी छन् । खेलकुद होस् वा उद्यमशीलता, विनोद चौधरीले नवलपरासीसहित देशभरका युवाकालागि गरेको लगानीले भोलिको नेपाल समृद्ध बन्ने विश्वास छ ।

**सम्पादक मण्डल:** मधुसूदन पौडेल, खगेन्द्र भण्डारी, राजकुमार धिमिरे, पुरुषोत्तम सुवेदी, सरोज थापा, **सम्पर्क कार्यालय:** रवि भवन,काठमाडौं । फोन नं.:+९७७-९८५१०२३३७३,
स्थानीय अफिस: बर्दघाट - ७, जिमिरेभार, नवलपरासी (ब.सु.प.) क्षेत्र नं १, लुम्बिनी प्रदेश, नेपाल । फोन नं.: +९७७-७८-५९०३३०, ईमेल: bkc.secretariat@gmail.com